२०७९ सालको कार्यविधि नं. १८

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ | संख्याः १८ | मितिः२०७९।१२।३०

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका एम.वि.वि.एस. अध्ययन सहयोग सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ज) को उपखण्ड (१६) ले गरेको व्यवस्था बमोजिम प्रत्येक वर्ष उपमहानगरपालिकाले एम.वि.वि.एस. डाक्टर जनशक्ति उत्पादन गरी नगरबासीहरुलाई दिगो स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले उपमहानगरपालिका भित्रको विद्यार्थीहरुलाई प्रोत्साहन गरी उपमहानगरपालिकाको काम, कर्तव्य र अधिकारलाई व्यवस्थित र पारदर्शी तवरले कार्यान्वयन गर्दै संस्थागत विकास गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**हेटौंडा उपमहानगरपालिका एम.वि.वि.एस. अध्ययन सहयोग सम्बन्धी कार्यविधि, २०७९**" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "आयोग" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ बमोजिम गठन भएको चिकित्सा शिक्षा आयोगलाई सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्छ ।

(ग) "उपप्रमुख" भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर उपप्रमुखलाई सम्झनुपर्छ ।

(घ) "उपमहानगरपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिकालाई सम्झनुपर्छ ।

(ङ) "प्रमुख" भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हेटौंडा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(छ) "महाशाखा" भन्नाले हेटौंडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखालाई सम्झनुपर्छ ।

(ज) "समिति" भन्नाले यस कार्यविधिको दफा ७ बमोजिमको गठित समितिलाई सम्झनुपर्छ ।

(झ) "सहयोग" भन्नाले यस कार्यविधि बमोजिम एम.वि.वि.एस. अध्ययन गर्ने विद्यार्थीलाई उपलब्ध गराउने आर्थिक सहयोगलाई सम्झनुपर्छ ।

## परिच्छेद-२

## एम.वि.वि.एस. अध्ययन सहयोग सम्बन्धी व्यवस्था

३. **एम.वि.वि.एस.अध्ययन सहयोग उपलब्ध गराइनेः** (१) आयोगबाट सञ्चालन भएको एकिकृत प्रवेश परीक्षा उत्तीर्ण गरी आफ्नै आर्थिक लागतमा प्रथम वर्षमा अध्ययन गरिरहेका यस उपमहानगरपालिका क्षेत्रभित्र स्थायी बसोवास गर्ने विद्यार्थीहरुलाई एम.वि.वि.एस. अध्ययन सहयोग बापत प्रति व्यक्ति रु.५,००,०००।- (अक्षेरुपी पाँच लाख रुपैयाँ) का दरले उपलब्ध गराइनेछ ।

(२) उपमहानगरपालिकाले प्रत्येक आर्थिक वर्षमा एम.वि.वि.एस. अध्ययन सहयोग शीर्षकमा विनियोजन गरेको रकमबाट सहयोग प्राप्त गर्ने विद्यार्थीको संख्या निर्धारण गरिनेछ । साथै मूल्याङ्कनका आधारहरु अनुसूची-१ बमोजिम हुनेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको अवस्था उपमहानरपालिका क्षेत्रभित्र नरहेमा त्यस्तो सहयोग रकम उक्त वर्ष उपलब्ध गराइनेछैन ।

(४) दफा ७ बमोजिमको समितिबाट छनोट भएका विद्यार्थीहरुको नामावली नगर कार्यपालिकाबाट स्वीकृत गर्नु पर्नेछ ।

(५) मूल्याङ्कनका आधारहरुको विषयमा कुनै द्विविधा उत्पन्न भएमा छनोट तथा सिफारिस समितिले आवश्यक निर्णय गर्नेछ ।

४. **<u>विद्यार्थीहरुले एम.वि.वि.एस. अध्ययन सहयोग रकम प्राप्त गर्न आवेदन पेश गर्नुपर्ने:</u>** यस कार्यविधि बमोजिम एम.वि.वि.एस. अध्ययन सहयोग रकम प्राप्त गर्न देहाय बमोजिमको कागजात सहित उपमहानगरपालिकामा आवेदन पेश गर्नुपर्नेछः-

(क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ख) एस.एल.सी. वा एस.इ.इ. र सोभन्दा माथिको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) स्थायी वसोबास खुल्ने कागजातको प्रमाणित प्रतिलिपि,

(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस,

(ङ) आयोगले सञ्चालन गरेको एम.वि.वि.एस. एकिकृत प्रवेश परीक्षा उत्तीर्ण गरेको योग्यताक्रमको प्रमाण,

(च) मूल्याङ्कनको अन्य आधारहरुमा तोके बमोजिमको अंक प्राप्त गर्न सोही बमोजिमको प्रमाण,

(छ) सामुदायिक विद्यालय/क्याम्पसको हकमा सम्बन्धित स्थानीय तहको सिफारिस,

(ज) अन्य निकायबाट छात्रवृत्ति प्राप्त नगरेको स्वघोषणा,

(झ) समितिले तोकेका अन्य आवश्यक कागजात तथा प्रमाण ।

५. **<u>विद्यार्थीहरुको नाम प्रस्ताव गरी आशयको सूचना प्रकाशन गर्नुपर्ने:</u>** (१) उपमहानगरपालिकाले दफा ४ बमोजिमको आवेदन सङ्कलन गर्नका लागि कम्तिमा १५ (पन्ध्र) दिनको सार्वजनिक सूचना आह्वान गर्न सक्नेछ ।

(२) समितिले दफा ४ बमोजिम परेका आवेदन उपर जाँचबुझ गरी एम.वि.वि.एस. अध्ययन सहयोगका लागि योग्य देखिएका विद्यार्थीहरुको नाम प्रस्ताव गरी अध्ययन सहयोग रकम उपलब्ध गराउन लागिएको आशय सहितको दावी विरोधको सात दिने सार्वजनिक सूचना प्रकाशित गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूचनाको समयावधिमा समिति समक्ष कहिकतैबाट दावी विरोध पर्न आएमा समितिले त्यस्तो दावी विरोध उपर समेत गहन छलफल गरी यस कार्यविधिको दफा ४ बमोजिमको एम.वि.वि.एस. अध्ययन सहयोग रकम प्राप्त गर्नका लागि योग्य देखिएका चारजना विद्यार्थीहरुको नाम अन्तिम सिफारिस गरी छनोटको निर्णयका लागि कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम सिफारिस भई आएका विद्यार्थीहरुलाई नगर कार्यपालिकाको निर्णयले एम.वि.वि.एस. अध्ययन सहयोग रकम उपलब्ध गराइनेछ ।

६. **<u>एम.वि.वि.एस. अध्ययन सहयोग बापतको रकम बैंक खाता मार्फत भुक्तानी गरिने:</u>** यस कार्यविधि बमोजिम एम.वि.वि.एस. अध्ययन सहयोगमा छनोट हुने विद्यार्थीहरुले प्राप्त गर्ने सहयोग रकम विद्यार्थीहरुले अध्ययन गरिरहेको शिक्षण संस्थाको खातामा जम्मा हुने गरी बैंक खाता मार्फत भुक्तानी गरिनेछ ।

## परिच्छेद-३

## <u>एम.वि.वि.एस. अध्ययन सहयोग छनोट समिति सम्बन्धी व्यवस्था</u>

७. **<u>एम.वि.वि.एस. अध्ययन सहयोग छनोट तथा सिफारिस समितिको गठन:</u>** (१) यस कार्यविधि बमोजिम उपलब्ध गराइने एम.वि.वि.एस. अध्ययन सहयोग सम्बन्धी कार्य प्रक्रियालाई व्यवस्थित बनाउन तथा यस विषयमा आवश्यक जाँचबुझ गरी छनोट व्यवस्थापन समेत गर्न उपमहानगरपालिकामा देहाय बमोजिम एम.वि.वि.एस. अध्ययन सहयोग छनोट तथा सिफारिस समिति रहनेछः

(क) सामाजिक विकास समितिको संयोजक -संयोजक
(ख) शिक्षा विकास महाशाखा प्रमुख -सदस्य
(ग) सामान्य प्रशासन महाशाखा प्रमुख -सदस्य
(घ) आर्थिक प्रशासन महाशाखा/शाखा प्रमुख -सदस्य
(ङ) माध्यमिक शिक्षा शाखा प्रमुख -सदस्य सचिव

(२) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(२) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

८. **<u>एम.वि.वि.एस. अध्ययन सहयोग छनोट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकारः</u>** यस कार्यविधिको अन्यत्र दफामा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त छनोट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) दफा ४ र ५ वमोजिम परेका आवेदनहरु संकलन गरी संलग्न कागजात समेतका आधारमा समितिले मूल्याङ्कन गरी विद्यार्थीको सूची स्वीकृतिका लागि कार्यपालिका समक्ष सिफारिस गर्ने,

(ख) उपमहानगरपालिकाको क्षेत्रभित्रको विद्यार्थी प्रोत्साहन, अध्ययन सहयोग, छात्रवृत्ति सम्बन्धी व्यवस्थालाई दीर्घकालिन र प्रभावकारी बनाउनका लागि अवलम्बन गर्नुपर्ने विषयमा कार्यपालिकालाई परामर्श उपलब्ध गराउने,

(ग) यस कार्यविधि बमोजिम उपलब्ध गराइएको एम.वि.वि.एस. अध्ययन सहयोग कार्यक्रमको प्रभावकारिताको लेखाजोखा गरी सोको प्रतिवेदन वार्षिक रुपमा कार्यपालिकामा पेश गर्ने,

(घ) एम.वि.वि.एस. अध्ययन सहयोग उपलब्ध गराउने सम्बन्धमा विभिन्न निकायहरु बीच आवश्यक समन्वय गर्ने,

(ङ) यस कार्यविधिको उद्देश्य अनुरुप आवश्यक देखिएका अन्य काम गर्न गराउन कार्यपालिकामा परामर्श उपलब्ध गराउने,

(च) नगर कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-४
## <u>विविध</u>

९. **<u>दोहोरो पर्ने गरी अध्ययन सहयोग रकम उपलब्ध नगराइनेः</u>** (१) यस कार्यविधि बमोजिम उपलब्ध गराइने एम.वि.वि.एस. अध्ययन सहयोग रकम नेपाल सरकार, प्रदेश सरकार र अन्य कुनै निकायहरुबाट अध्ययन सहयोग वा छात्रवृत्ति प्राप्त गरेको विद्यार्थीलाई दोहोरो पर्ने गरी अध्ययन सहयोग रकम उपलब्ध गराइनेछैन ।

(२) एम.वि.वि.एस. अध्ययन सहयोग रकम प्राप्त गर्ने आवेदन पेश गर्ने विद्यार्थीले अन्य सरकारी तथा गैर सरकारी निकायबाट अध्ययन सहयोग नलिएको स्वघोषणा गर्नुपर्नेछ । साथै पेश गरिएको स्वघोषणाको आधिकारिकताको विषयमा छनोट समितिले आवश्यक जाँचबुझ गर्न सक्नेछ ।

१०. **<u>वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुपर्ने:</u>** समितिले यस कार्यविधिले परिलक्षित गरेको सम्पूर्ण काम कारवाहीका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्नुपर्नेछ र सो प्रतिवेदन सार्वजनिक गर्नुपर्नेछ ।

११. **<u>अधिकार प्रत्यायोजन गर्न सकिने:</u>** नगर कार्यपालिकाले आफूलाई यस कार्यविधि बमोजिम प्राप्त काम, कर्तव्य र अधिकार मध्ये केही काम, कर्तव्य र अधिकार नगर प्रमुख वा उपप्रमुख वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१२. **<u>बाधा अड्काउ फुकाउन सक्ने:</u>** यस कार्यविधिमा उल्लेखित कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा अड्काउ आइपरेमा नगर कार्यपालिकाले त्यस्तो द्विविधा वा बाधा अड्काउ फुकाउन सक्नेछ ।

१३. **<u>प्रचलित कानून बमोजिम हुने:</u>** यस कार्यविधिमा लेखिए जति कुरामा यसै कार्यविधि बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

१४. **<u>संशोधन, निष्कृय तथा खारेजी:</u>** (१) नगर कार्यपालिकाले आवश्यक ठानेमा कार्यविधि संशोधन वा खारेजी गर्न सक्नेछ ।

(२) यस कार्यविधिमा लेखिएका प्रावधानहरु प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

हेटौंडा राजपत्र

## अनुसूची-१

## (दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**मूल्याङ्कनका आधारहरु**

| सि.नं. | विवरण | अंकभार | अंक प्रदान गर्ने आधार | कैफियत |
|---|---|---|---|---|
| **१** | **शैक्षिक उपलब्धी** | **६०** | | |
| (क) | आयोगले लिएको एकिकृत प्रवेश परीक्षाको योग्यताक्रम | ३० | प्राप्त आवेदनमध्ये सबैभन्दा माथिल्लो योग्यताक्रमलाई-३० त्यसपछिका योग्यताक्रमहरु लाई क्रमशः दुई अंकको फरकमा अंक दिंदै जाने | |
| (ख) | कक्षा १२ को प्राप्ताङ्क वा ग्रेड बापत अधिकतम | १० | विशिष्ट श्रेणी-१०, GPA ≥ 3.6 -10<br>प्रथम श्रेणी-८, GPA 2.8 ≤ GPA<3.6 -8<br>द्वितीय श्रेणी-६, GPA 2.4 ≤ GPA<2.8 -6<br>सो भन्दा बाहेक-४, सो भन्दा बाहेक-४ | |
| (ग) | कक्षा १० को प्राप्ताङ्क वा ग्रेड बापत अधिकतम | १० | विशिष्ट श्रेणी-१०, GPA ≥ 3.6 -10<br>प्रथम श्रेणी-८, GPA 2.8 ≤ GPA<3.6 -8<br>द्वितीय श्रेणी-६, GPA 2.4 ≤ GPA<2.8 -6<br>सो भन्दा बाहेक-४, सो भन्दा बाहेक-४ | |
| (घ) | सामुदायिक विद्यालय/क्यापसबाट कक्षा १२ उत्तीर्ण | ५ | सम्बन्धित स्थानीय तहको सिफारिस भएमा ५ अङ्क | |
| (ङ) | सामुदायिक विद्यालय कक्षा १० उत्तीर्ण | ५ | सम्बन्धित स्थानीय तहको सिफारिस भएमा ५ अङ्क | |
| **२** | **अन्य आधारहरु** | **४०** | | |
| (क) | महिला | १० | | |
| (ख) | हेटौंडा उपमहानगरपालिकाको सूचीकृत गरिब घर पहिचान सूचीमा सूचीकृत | १० | गरिब घर पहिचान सूचीमा सूचीकृत भएको देखिने प्रमाण । | |
| (ग) | दलित/आदिवासी जनजाति/ सिमान्तकृत/ मधेशी/आर्थिक रुपले विपन्न खस आर्य | १० | सम्बन्धित आयोग/जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र संलग्न हुनुपर्ने । | |
| (घ) | अनाथ/असाहृय, अभिभावक विहिन बालबालिका | १० | संरक्षक संस्थाको सिफारिस र अभिभावक विहिन भएको प्रमाण पेश गर्नुपर्ने । | |

**आज्ञाले**

**शिवराज चौलागाई**

**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र